# प्रेस विज्ञप्ति

## मुक्तिनाथ विकास बैंक र ढुवानी व्यवसायी महासंघ – नेपाल बीच व्यवसायिक सम्झौता

मिति: २०८३/०५/१७

मुक्तिनाथ विकास बैंक र नेपाल अधिराज्य भरी सामान ढुवानी सेवा प्रदान गरिरहेको व्यवसायीहरुको छाता संगठन **ढुवानी व्यवसायी महासंघ नेपाल** बीच महासंघमा आवद्ध सदस्यहरुको व्यवसाय संचालनको लागि आवश्यक पर्ने कुनै पनि ब्राण्डको गाडी खरीद गर्न र व्यवसाय संचालनका लागि आवश्यक पर्ने व्यवसायिक कर्जा लगानी गर्ने समझदारीपत्र ( MOU) मा हस्ताक्षर भएको छ । समझदारीपत्रमा बैंकका तर्फबाट प्रमुख कार्यकारी अधिकृत श्री तारा मानन्धर र महासंघको तर्फबाट अध्यक्ष श्री माधव प्रसाद नेपालले हस्ताक्षर गर्नुभएको छ ।



सम्झौता अनुसार महासंघमा आवद्ध सदस्यहरुले ढुवानीको लागि आवश्यक पर्ने गाडी खरीद गर्न र सो सम्बन्धी व्यवसाय संचालनको लागि मुक्तिनाथ विकास बैंकले आफ्नो १७६ वटै शाखा कार्यालयबाट आकर्षक सहुलियत व्याजदरमा कर्जा सुविधा उपलब्ध गराउने छ । यस सहकार्यबाट ढुवानी व्यवसायीहरुले आफनो सेवा विस्तारको लागि सहजरुपमा वित्तीय सेवा प्राप्त गर्न सक्ने तथा व्यवसाय विस्तारमा थप सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

साथै बैंकले हाल अटो कर्जा, कृषि र SME कर्जामा समेत न्युनतम व्याजदरमा कर्जा प्रबाह गर्ने विशेष अफर ल्याएको छ ।

प्रमुख सूचना अधिकारी
श्री तिल बहादुर गुरुङ्ग

Winner of EUROPEAN MICROFINANCE AWARD